# बाल सूचना उपलब्ध गराउने बारे
# Child Information Sharing

Nepali | नेपाली

## तपाईं मेरो सूचना किन साझा गर्न चाहनुहुन्छ?

**भिक्टोरियाका बच्चाहरूको हेरचाह गर्दै**

भिक्टोरियाका सबै बालबालिकाहरूलाई सुरक्षित र सुखी जीवन बिताउन मद्दत गर्न, भिक्टोरिया सरकारले बच्चाहरूसँग काम गर्ने केही पेशेवरहरूले सूचना साझा गर्ने तरिकामा सुधार गरिरहेको छ।

धेरै सेवाहरूले पहिले नै सूचना साझा गरिसकेका छन्। बाल सूचना साझेदारी योजना (Child Information Sharing Scheme) (CISS) ले यी पेशेवरहरूलाई उनीहरूले हेर्ने बच्चाको पूर्ण जानकारी हेर्न, उनीहरूले के साझा गर्न सक्छन् र परिवारको गोपनीयता कसरी जोगाउने भनेर बुझ्न मद्दत गर्दछ।

### यसले परिवारहरूलाई कसरी मद्दत गर्छ?

धेरै बच्चाहरूलाई उनीहरूको जीवनको कुनै न कुनै चरणमा सहयोग चाहिन्छ। उनीहरू जन्मेको समयदेखि, १८ वर्ष नपुग्दासम्म, बाल सूचना साझेदारी सुधारहरूले बच्चाहरू र उनीहरूका परिवारहरूलाई पेशेवरहरू र संगठनहरूबाट राम्रो सहयोग प्राप्त गर्न मद्दत गर्दछन्।

### यसले पेशेवरहरूलाई कसरी मद्दत गर्दछ?

बाल सूचना साझेदारीले बच्चाहरूलाई सहयोग गर्ने र हेरचाह गर्ने पेशेवरहरूलाई (जस्तै शिक्षक र नर्सहरू) बच्चाको बारेमा उनीहरूको ज्ञान एक अर्कासँग साझा गर्न सक्षम बनाउँछ, जबकि के साझा गर्ने र परिवारको गोपनीयता कसरी जोगाउने भन्नेबारे निर्देशिका पनि प्रदान गर्दछ।

### उदाहरण:



ताजले भर्खरै विद्यालय परिवर्तन गरेको छ। उसको नयाँ शिक्षक साराले कक्षामा उनी बोल्न हिचकिचाएको, र उनलाई विद्यालयको काम पूरा गर्न कठिनाइ भएको देख्छिन्। ताजको पूर्व विद्यालयबाट सूचना अनुरोध गरेर, सारालाई थाहा हुन्छ कि उनलाई डिस्लेक्सिया छ, जसले गर्दा उनी कक्षामा भाग लिन हिचकिचाउँछन्।

**यो बाल सूचना साझेदारीमार्फत साझा गर्न सकिने जानकारीको उदाहरण हो, किनकि यसले ताजको शिक्षकलाई ताजको सिकाइ आवश्यकताहरूलाई सहायता गर्ने पाठ योजना सिर्जना गर्न लगाउँछ।**

# तपाईं यसलाई कोसँग साझा गर्दै हुनुहुन्छ? यसलाई कसरी प्रयोग गरिनेछ?

## साझा गरिएको सूचनाको प्रकार

बच्चाहरूको कल्याण वा सुरक्षालाई सहायता गर्ने कुनै पनि जानकारी साझा गर्न सकिन्छ। यो बच्चाले प्राप्त गरिरहेको व्यावसायिक सहयोग, वा पारिवारिक सम्बन्धको बारेमा अन्तरज्ञान जस्ता जानकारी हुन सक्छन्।

## जानकारी केको लागि प्रयोग गरिन्छ

- तपाईंले आफ्नो कथा बारम्बार बताउन नपर्ने सुनिश्चित गर्न
- मद्दत गर्न सक्ने सही मानिसहरूलाई सहभागी गराउन
- पूर्ण जानकारी हेर्न
- बच्चाहरूलाई फस्टाउन मद्दत गर्न

## कसले जानकारी साझा गर्न र पहुँच गर्न सक्छ?

केही व्यक्तिहरूसँग मात्र जानकारी साझा गर्ने अधिकार छ – सबैजनालाई होइन। यी व्यक्तिहरू शिक्षकहरू, डाक्टरहरू, सामाजिक कार्यकर्ताहरू र परामर्शदाताहरू, नर्सहरू र प्रहरीजस्ता बच्चाहरूको हेरचाह र सुरक्षा गर्ने दायित्व भएका पेशेवरहरू हुन्।



## उदाहरण:

लिसा एक स्कूल नर्स हुन् जो एलिससँग काम गरिरहेकी छिन्, र उनकी पाँच वर्षीया छोरी, जैस्मिन जसको मुटुको सानो समस्या छ। जास्मिनले प्राथमिक विद्यालय सुरु गर्दा, लिसाले एलिससँग कुरा गर्छिन्, र जास्मिनको अवस्थाको बारेमा उनको प्राथमिक विद्यालयको नर्ससँग जानकारी साझा गर्नेबारेमा उनको विचारहरू खोज्छिन्, ताकि उनीहरू उनको आवश्यकताहरूको बारेमा सचेत हुन सकून्। जानकारी साझा गर्नुअघि लिसा एलिसको विचारहरूको बारेमा सचेत हुन्छिन्।

**यो एक उदाहरण हो जब एक पेशेवरले जानकारी साझा गर्न, र तिनीहरूले यसलाई कससँग साझा गर्न सक्छन् छनौट गर्न सक्छ।**

# जानकारी कहिले साझा गर्न सकिन्छ?

## जानकारी तलको अवस्था नभएसम्म साझा गर्न सकिँदैन:

1. **यो बच्चा (वा बच्चाहरूको समूह) को कल्याण वा सुरक्षालाई बढावा दिन प्रयोग गरिन्छ।**
2. **साझेदारीले बच्चाहरूलाई सेवाहरू प्रदान गर्न, योजनाहरू बनाउन वा अनुसन्धान गर्न वा जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ।**
3. **यसले कसैलाई खतरामा पार्ने छैन, कानुनी रूपमा निषेधित वा नियमहरू अन्तर्गत बहिष्कृत गरिने छैन।**

जानकारी साझा गर्नुअघि पूरा गर्नुपर्ने सर्तहरूको पूर्ण सूचीको लागि, www.infosharing.vic.gov.au मा जानुहोस्।

## जानकारी कसरी साझा गरिन्छ?

कानुनी रूपमा अधिकृत संगठनहरू र पेशेवरहरूले या त जानकारी माग्न सक्छन् वा यसलाई साझा गर्ने निर्णय गर्न सक्छन्।

## जानकारीलाई निजी र सुरक्षित राख्दै

बच्चाहरूको सुरक्षाको अंशले उनीहरूको जानकारी पनि सुरक्षित राखिएको सुनिश्चित गर्दछ। बाल सूचना साझेदारीले पेशेवरहरूलाई बताएर अवस्थित गोपनीयता कानूनहरूलाई समर्थन गर्दछ जब उनीहरूले ती कानूनहरूअन्तर्गत जानकारी साझा गर्न सक्छन्। आवश्यक नहुँदा गोप्य जानकारी साझा गर्नु अपराध हो। साथै, सबै जानकारीहरू व्यक्तिगत संगठनहरूद्वारा सुरक्षित रूपमा भण्डारण गरिनु पर्छ। ती अधिकृत कर्मचारी सदस्यहरूलाई प्रशिक्षण प्रदान गरिन्छ, त्यसैले तिनीहरू आफ्नो जिम्मेवारीबारे सचेत हुन्छन्।

## उदाहरण:

एन्डी एक सामाजिक सहायता कार्यकर्ता हुन् जसले लीको बारेमा जानकारी साझा गर्न उच्च विद्यालयको भर्ना अधिकारीबाट अनुरोध प्राप्त गर्छन्। एन्डीले लीको परिवारलाई सहायता गरे जब तिनीहरू छोटो समयका लागि घरबारविहीन थिए। ली र उनको परिवारसँग परामर्श गरेपछि, एन्डीले उनीहरूको जीवन अवस्थाको बारेमा जानकारी साझा गर्दैनन्, किनकि उनलाई शंका छ कि यो लीलाई स्कूलमा भर्ना हुनबाट बहिष्कार गर्न प्रयोग गर्न सकिन्छ।

**यो एक उदाहरण हो जहाँ पेशेवरहरूले जानकारी साझा गर्न सक्दैनन् – भर्ना अधिकारी एक मान्यताप्राप्त पेशेवर होइनन्, र जानकारी ली वा उनको परिवारको हकहित वा सुरक्षालाई सहायता गर्न प्रयोग भइरहेको छैन।**

# उजुरीहरू

## यदि तपाई चिन्तित हुनुहुन्छ कि जानकारी अनुमति नभएको तरिकामा साझा गरिएको हुन सक्छ भने, तपाईसँग प्रतिक्रिया प्रदान गर्ने र गुनासो गर्ने अधिकार छ।

**पहिलो कदममा उजुरी गर्न, जानकारी साझा गर्ने संस्थासँग कुरा गर्नुहोस्। सबै संगठनहरूसँग गुनासोहरू सम्बोधन गर्ने प्रक्रियाहरू रहेको हुनुपर्दछ।**



## मुद्दा समाधान भएकोमा यदि तपाईं सन्तुष्ट हुनुहुन्न भने, गुनासो गर्न सकिन्छ:

**यदि उजुरी व्यक्तिगत जानकारीको बारेमा हो भने भिक्टोरियाको सूचना आयुक्तको कार्यालयलाई**

वेबसाइट: ovic.vic.gov.au / टेलिफोन: 1300 666 444

**यदि उजुरी स्वास्थ्य जानकारीको सम्बन्धमा छ भने स्वास्थ्य उजुरी आयुक्तलाई**

वेबसाइट: hcc.vic.gov.au / टेलफिोन: 1300 582 113

## यदि तपाईं बाल सूचना साझेदारी योजनाको बारेमा थप जानकारी चाहनुहुन्छ भने तपाईं:

**हामीलाई फोन गर्न सक्नुहुन्छ:** 1800 549 646

**हामीलाई लेख्न सक्नुहुन्छ:** CISandFVIS@education.vic.gov.au

**वेबसाइटमा जान सक्नुहुन्छ:** vic.gov.au/child-information-sharing-scheme

CHILD INFORMATION SHARING SCHEME

VICTORIA State Government